# लोक सेवा आयोग

मितिः २०७२।०६।१९

**प्रेस-विज्ञप्ति**

**नेपालको संविधान अनुसार लोक सेवा आयोगको कार्यक्षेत्र र संगठित संस्थाहरुलाई जानकारी सम्बन्धमा**

१) नेपालको संविधानले व्यवस्था गरे बमोजिम लोक सेवा आयोगको कार्यक्षेत्र विगतको संविधानले गरेको प्रावधान भन्दा अझ बढि र फराकिलो भएको छ । सोही बमोजिम नेपालको संविधानको धारा २४३ को उपधारा (२), (३) र (४) को व्यवस्था देहाय अनुसार रहेको छ :

- निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिईने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ ।

  ***स्पष्टीकरण :*** *यस धाराको प्रयोजनका लागि "संगठित संस्था" भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ ।*

- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य संघीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।
- कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

नेपालको संविधानको उल्लिखित व्यवस्था बमोजिम लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्दै काम कारवाही अगाडि बढाउनको लागि त्यस्ता संस्थाहरुको विवरण संलग्न ढाँचामा सम्वन्धित मन्त्रालय, आयोग वा सचिवालय मार्फत १५ दिन भित्र पठाउने गरी माग गर्ने ।

२) लोक सेवा आयोगको कार्यक्षेत्र भित्र परेका यस्ता संस्था र निकायहरुको हाल विज्ञापन भै रहेका र प्रक्रियामा रहेका पदहरुको लिखित परीक्षाहरु लोक सेवा आयोगको प्रतिनिधित्व नभएका संस्था र निकायहरुले लोक सेवा आयोगको प्रतिनिधित्व विना नगर्न नगराउन जानकारी पठाउने र नयाँ विज्ञापन हुने पदहरुको हकमा आयोगको स्वीकृती विना विज्ञापन नगर्न समेत मन्त्रालय, आयोग वा सचिवालय मार्फत सम्वद्ध निकायहरुमा जानकारी गराउने ।

नेपालको संविधानको धारा २४३ को प्रावधान अनुकूल लोक सेवा आयोग ऐन, नियमावली र निर्देशिकाको मस्यौदा तर्जुमा गर्नको लागि विज्ञहरुको मनोनयन गरिसकिएको र विज्ञहरुसँग अन्तरक्रिया गर्न, छलफल गर्न, सुझाव दिन, मस्यौदामा परिमार्जन गर्न लोक सेवा आयोगका सचिवज्यूको संयोजकत्वमा एक कार्यदल गठन भै सकेको छ ।

**प्रवक्ता**
**राजिव गौतम**